# Chapter - Twenty Seven
# अध्याय सत्ताईस

## The Afterlif
## मृत्युपछिको जीवन

धेरै खीष्टियनहरूले मानिस मरेपछि या त उनी स्वर्ग जान्छ या त नरक जान्छ भनेर जान्दछ । तर धेरै जस्तोलाई स्वर्ग धर्मीहरूको अन्तिम बासस्थान होइन र नरक अधर्मीहरूको अन्तिम बासस्थान होइन भनेर थाहा छैन ।

प्रभु येशू खीष्टको अनुयायीहरू मर्नसाथ तिनीहरूको आत्मा तुरन्तै स्वर्ग जान्छ जहाँ परमेश्वर बास गर्नुहुन्छ (२ कोरिन्थी ५:६-८; फिलिप्पी १:२१-२३; १ थिस्सलोनिकी ४:१४ पढÞनुहोस् ) । यद्यपि, भविष्यमा कुनै समयमा परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी सृष्टि गर्नु हुन्छ र नयाँ यरुशलेम स्वर्गबाट पृथ्वीमा झर्नेछ (२ पत्रस ३:१३; प्रकाश २१: १-२ पढÞनुहोस्) । त्यहाँ धर्मीहरू अनन्तको निम्ति बस्नेछ ।

जब अधर्मीहरूको मृत्यु हुन्छ , तिनीहरू तत्काल पातालमा जान्छन् , तर पाताल त तिनीहरू अस्थाई रूपमा आफ्नो शरीरको पुनरुत्थानको निम्ति पर्खेर बस्ने एउटा स्थान मात्र हो जब त्यो दिन आई पुग्छ तब तिनीहरू परमेश्वरको न्यायको सिहांसनकोअगि उभिनेछ र त्यसपछि तिनीहरू त्यो अग्नीकुण्डमा फ्याँकिनेछन् , जसलाई बाईबलमा नरक भनेर उल्लेख गरि एको छ । यी सबैलाई हामी बिस्तृत रूपमा बाईबलबाट हेर्नेछौं ।

## When The Unrighteous Die
## जब अधर्मीको मृत्यु हुन्छ

मृत्युपछि अधर्मीहरूलाई के हुन्छ भनेर अझ राम्रो बुझ्नु , हामीले पूरानो करारको एउटा हिब्रू शब्द र नयाँ करारको तीनवटा युनानी शब्दहरूको अध्ययन गर्नु पर्छ । यद्यपि यी हिब्रू र यूनानी शब्दहरूले वास्तवमा तीनवटा पृथक जग्गाहरूको वर्णन गरे तापनि, तिनीहरूलाई केही बाइबलको अनुवादमा प्रायः नरक भनेर अनुवाद गरिएको छ र यसले पाठकहरूमा भ्रम उत्पन्न गर्न सक्छ ।

पहिला हामी पूरानो करारको हिब्रू शब्द शियोल (sheol) लाई हेरौं ।

पूरानो करारमा यो शब्द शियोललाई  साठी पटकभन्दा बढ़ी उल्लेख गरेको छ । यसले स्पष्ट रूपमा अधर्मीहरूको मृत्युपछिको बासस्थानलाई उल्लेख गर्दछ । उदाहरणको निम्ति जब उजाड़ स्थानमा (कोरह - korah ) र मोशाका अनुयायीहरूले तिनको बिरुद्ध बिद्रोह गरे, परमेश्वरले तिनीहरूलाई धरती फटाएर दण्ड दिनु भयो र धरतीले तिनीहरू र तिनका सबै सम्पत्तिसमेत निल्यो । बाईबलले भन्दछ तिनीहरू पातालमा (sheol) खसे आफ्नो सबै कुरासमेत तिनीहरू जिउँदै पातालमा (sheol) पुरिए । धरती तिनीहरूमाथि बन्द भयो र समुदायको बीचबाट तिनीहरू निमिटयान्न भए (गन्ती १६ : ३३) ।

पछि इस्राएलको इतिहासमा, परमेश्वरले तिनीहरूलाई चेताउनी दिनु भयो, कि उहाँको रीसले पातालमा बल्ने आगो सल्काएको छ।

किनकि मेरो रीसको आगो दन्केको छ, औ पातालको गहिराइसम्मै ज्वाला पुग्छ, औ भूमिलाई त्यसको उब्जनीसँगै त्यसले खान्छ औ पर्वतहरूका जगहरू जलाई दिन्छ (व्यवस्था ३२ : २२)।

राजा दाऊदले घोषणा गरे, कि :

दृष्ट चाँहि पातालमै (शियोल) फर्केर जानेछ, परमेश्वरलाई बिर्सने सबै जातिहरू पनि (भजनसंग्रह ९:१७)।

र उनले अधर्मीहरूको बिरुद्धमा बिन्ती गर्दै प्रार्थना गरे : तिनीहरूमाथि अचानक मृत्यु आइपरोस् , तिनीहरू जिउँदै खाल्डामा (शियोल) परिजाउन् , किनकि दृष्टता तिनीहरूका घरमा, तिनीहरूका अन्तस्करणभित्रै छ (भजन ५५ : १५)। जवान पूरुषहरूलाई व्यभिचारिणीको चालाकीको बारेमा चेताउनी दिंदै, बुद्धिमानी सोलोमनले लेख्छन् :

त्यसको घर पातालको (शियोल) ढोका हो, जसले मृत्युका कोठाहरूतिर पुऱ्याउँछ.....मृत्युले त्यहाँ ढुकिरहेको र त्यसका अतिथिहरू पातालको (शियोलको) गहिराइमा पुगेको त्यसलाई थाहै हुँदैनन् (हितोपदेश ७ : २७ ; ९ : १८)। सुलेमानले अरु हितोपदेशहरू पनि लेखे जसले हामीलाई विश्वास दिलाउँछ, कि निश्चित रूपले धर्मीहरूको अन्त शियोलमा हुँदैनन्।

बुद्धिमान मानिसहरूको निम्ति जीवनको बाटो उँभोतिर जान्छ र तल शियोलदेखि परै राख्छ (हितोपदेश १५ : २४)।

आफैले त्यसलाई (तिमीहरूका छोरा-छोरी ) बेत लगाइस् भनेदेखि तैँले त्यसको आत्मालाई शियोलबाट बचाउनेछस् (हितोपदेश २३ : १४)। अन्तमा, प्रभु येशूको नरकको वर्णनलाई पूर्व सकेंत गर्दै यशैयाले बाबेलका राजासँग भविष्यवाणीको रूपमा बोल्नु भयो, जसले आफैलाई प्रशंसा गरे तर जो नरकमा धकेलिनेछ।

"तेरो आँगनमा तँलाई भेटन पाताल (शियोल) पनि तेरो निम्ति खलबलिएको छ। त्यसले मरेकोलाई पनि, अर्थात् पृथ्वीमा मुख्य हुनेलाई तेरो निम्ति जगाउँछ। त्यसले जाति जातिहरूका सारा राजाहरूलाई तिनीहरूका सिंहासनबाट उठाएर खडा गरेको छ।" तिनीहरू सबैले जवाब दिएर भन्नेछन् , तँ पनि हामी जस्तै निर्बल भएकोछस्। तेरो रवाफ र सारङ्गी बाजाहरूको सोर पातालमा (शियोल) झारिएका छन्। कीरा तेरो ओछयान र औंसा तेरो ओढ़ने हुनेछन्। ए चमकिलो तारा, प्रभातको पुत्र, तँ कसरी स्वर्गबाट खसिस्। जाति जातिहरूलाई होच्याउने, तँ कसरी काटिएर भूइँमा ढलिस्। तैँले आफ्नो मनमा भन्ने गर्थिस् , म स्वर्गमा उक्लने छु र परमेश्वरको ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु , र उत्तरको पल्लो छेउसम्म म सभा मण्डलको पर्वतमा बिराजमान हुनेछु। म बादलको उचाँइभन्दा माथि उक्लनेछु , म परम-परमेश्वर जत्तिकै हुनेछु। तापनि तँ पाताल (शियोल) सम्म, अर्थात् खाडलको तल्लो छेउसम्मै होँच्याइस्। तँलाई देख्नेहरूले नियालेर तँलाई हेर्नेछन् , र तेरो विषयमा गुनी गुनीकन भन्नेछन् , "पृथ्वीलाई थरथर कमाउने राज्यहरूलाई थरहरी पार्ने, ससारलाई त्यसका शहरहरू उजाड़ पारेर बन झैं तुल्याउने, कैदीहरूलाई तिनीहरूका घर-जानलाई नछोड़ने के यो त्यही मानिस हो (यशैया १४ :९ - १७) ?

यी वचनहरू र यस्तै अरु वचनहरूले हामीलाई यो विश्वास गर्न प्रेरित गर्छ, कि शियोल ( sheol) सँधै थियो र अझै पनि यातना दिने एउटा स्थान हो जहाँ अधर्मीहरूलाई तिनीहरूको मृत्युपछि कैद गरिन्छ । अनि अझ धेरै प्रमाणहरू छन् ।

## Hades (हेड्स)
## पाताल

नयाँ करारका यूनानी शब्द हेडसले (hades) पूरानो करारको हिब्रू शब्द शियोलले ( sheol ) संकेत गरेको स्थानलाई नै संकेत गर्छ भन्ने स्पष्ट छ । यसको प्रमाणको निम्ति हामीले भजनसग्रंह १६ :१० र प्रेरित २ : २५ लाई तुलना मात्र गर्नु पर्छ जहाँ यसरी लेखिएको छ : किनभने तपाईले मेरो प्राणलाई शियोलमा (पाताल) छोडनु हुने छैन, नता तपाईले आफ्नो पवित्र जनलाई कुहुनु दिनु हुने छ (भजन १६ :१०) ।

किनभने तपाईले मेरो प्राणलाई हेडस (पाताल) मा छोडनु हुने छैन, न ता तपाईले आफ्नो पवित्रजनको शरीरलाई कुहुन दिनु हुनेछ (प्रेरित २ : २७) ।

यसो भएकोले यो चाखलाग्दो छ, कि नयाँ करारमा पातालको उल्लेख गरिएको सबै दशवटा उदाहरणमा यसलाई नकारात्मक अर्थमा अनि दुष्टहरूलाई तिनीहरूको मृत्यु पश्चात कैद गरिने एउटा तीब्र पीड़ादायक ठाउँको रूपमा सँधै वर्णन गरिन्छ (मत्ती ११:२३; १६:१८; लूका १०:१५; १६:२३; प्रेरित २:२७; २:३१; प्रकाश १:१८; ६:८; २०:१३-१८ हेर्नुहोस्) । फेरि पनि यी सबैले शियोल/हेड्स (sheol/hades) अधर्मीहरूको मृत्युपछिको एउटा पीडÞादायक[1] बासस्थान थियो र हो भन्ने संकेत गर्दछ ।

## Did Jesus Go To Sheol/Hades ?
## के प्रभु येशू पाताल (शियोल/हेड्स) जानु भयो ?

हामी भजन १६:१० र पत्रुसले प्रेरित २:२७ मा गरेको त्यसको उदाहरणलाई बिचार गरौं - दुईवटा पदहरू जसले शियोल र हेड्स एउटै स्थान हो भन्ने संकेत गर्छ । पत्रुसको पेन्तिकोषको उपदेश अनुसार, भजन १६:१० मा दाऊदले आफ्नै बारेमा बोलिरहेको थिएन तर भविष्यवाणीको रूपमा खीष्टको बारेमा बोलिरहेको थियो । किनभने दाऊदको शरीर प्रभु येशूको शरीरको बिपरीत - सडÞर गयो (प्रेरित २:२९-३१ हेर्नुहोस् ) । यसकारण, हामी यो थाहा पाँउदछौं, कि भजन १६:१० मा वास्तवमा प्रभु येशू उहाँको पितासँग बोलिरहेको थियो । उहाँले, उहाँको पिताले आफ्नो प्राणलाई शियोलमा (पातालमा) छोडनु हुने छैन र आफ्नो शरीरलाई कुहुन दिनु हुने छैन भन्ने आफ्नो विश्वासलाई घोषणा गर्दै यी शब्दहरू बोलेको थियो । केहीले प्रभु येशूको यस घोषणालाई उहाँको मृत्यु र पुनरुत्थानको बीचको तीन दिनको अवधीमा उहाँ

---

[1] केही मानिसहरू कतिपय वचनको साहायता, जस्तै उत्पत्ति ३६:३५; अ‌ब्यूब १४:१३; उपदेशक ९:१०; यशैया ३८:९-१०; शियोल (पाताल) धर्मीहरू पनि मृत्युपछि जाने स्थान थियो भनेर यसलाई एउटा धारणा बनाउने प्रयत्न गर्दछन् । यस धारणाको बाइबलिय प्रमाण त्यति बाध्यात्मक छैन । यस विचारका प्रतिपादकहरू सामान्यतया यस्ता तर्क गर्छन् - यदि शियोल धर्मी र अधर्मीहरू दुवै मृत्युपछि जाने स्थान हो भने, शियोलमा दुईवटा अलग अलग खण्डहरू छन् - एउटा नरक र अर्को चाँहि स्वर्ग ।

शियोल/हेड्स जानु भयो भनेर अर्थ लगाउँछ । यद्धपि, त्यसले यस्तो संकेत गर्दैन । प्रभु येशूले उहाँको पितालाई वास्तवमा के भन्नु भयो फेरि ध्यान दिनुहोस् । तपाईले मेरो प्राणलाई पातालमा छोडÞनु हुने छैन, नता तपाईले आफ्नो पवित्रजनको शरीरलाई कुहुन दिनु हुनेछ (भजन १६:१०) ।

"म जान्दछु , कि मेरो प्राणले शियोलमा (पातालमा) तीन दिन बिताउनुपर्छ तर मलाई विश्वास छ, कि तपाईले मलाई त्यहाँ  छोडनुहुनेछैन" भनेर प्रभु येशूले उहाँको पितालाई भनिरहेको थिएन । ठीकसंग भन्नु हो भने उहाँले यसो भनि रहेको थियो "मलाई विश्वास छ कि मेरो मृत्यु पछि मेरो प्राणलाई शियोल या हेड्समा छोडेर अरु अधर्मीहरूलाई जस्तो ब्यवहार गरिने छैन । म एक मिनेट पनि त्यहाँ बिताउदिन । होइन, मलाई विश्वास छ, कि तपाईको योजना मलाई तीन दिनमा बौरी उठाउने हो र तपाईले मेरो शरीरलाई कुहुन दिनुहुने छैन ।

यो ब्याख्या निश्चितरूपले उचित छ । जब प्रभु येशूले भन्नु भयो "न ता तपाईले आफ्नो पवित्रजनको शरीरलाई कुहुन दिनु हुनेछ," हामीले यसको अर्थ प्रभु येशूको शरीर पुनःस्थापन नभइञ्जेल तीन दिनसम्म क्रमिकरूपमा सडीरहयो भनेर लगाउदैनौं । बरु यसको अर्थ यसरी लगाउँछौ, कि उहाँको शरीर मृत्युदेखि पुनरुत्थानसम्म कुनै हालतमा कहिले पनि सडÞन ।

यसरी नै मेरो प्राणलाई तपाईले शियोल वा हेडसमा (पाताल) छाडनुहुने छैन भन्ने उहाँको भनाइलाई यस्तो अर्थ लाउनु जरुरी छैन, कि उहाँलाई तीन दिनसम्म शियोल या हेडसमा रहनु दिइयो तर अन्त्यमा उहाँलाई त्यहाँ छाडिएन ।[2] बरु यसको व्याख्या यस्तो अर्थ लाग्ने गरेर गर्नुपर्छ, कि उहाँको प्राणले अधर्मीहरूको प्राणलाई झैं शियोल या हेडसमा (पाताल) छाडिÞनेछैन । उहाँको प्राणले त्यहाँ एकक्षण पनि बिताउने छैन । ध्यान दिनुहोस् प्रभु येशूले "तपाईले मेरो प्राणलाई शियोलतिर छाडनु हुने छैन" भन्नुभयो तर "तपाईले मेरो प्राणलाई शियोलमा (पाताल) छाडनु हुने छैन" भन्नु भएन ।

## Where was Jesus' Soul during the three days
## प्रभु येशूको प्राण तीन दिन कहाँ थियो ?

याद गर्नुहोस् त, प्रभु येशूले आफ्ना चेलाहरूलाई उहाँले तीन दिन तीन रात पृथ्वीको गर्वमा बिताउँछु भनेर भन्नु भयो (मत्ती १२ : ४० हेर्नुहोस् ) । यो उल्लेख, उहाँको शरीर एउटा चिहानमा तीन दिनसम्म रहने बिषयसँग सम्बन्धित छ जस्तो देखिन्दैन, किनकि एउटा चिहान पृथ्वीको गर्वमा हुन्छ भनेर मान्नु सकिन्दैन । वास्तवमा, प्रभु येशूले उहाँको आत्मा/प्राण पृथ्वीको गर्वमा हुने बिषयमा बोलेको हुन सक्छ । त्यसकारण हामी उहाँको आत्मा/प्राण उहाँको मृत्यु र

---

[2] जसले यो बिशेष अर्थलाई समर्थन गर्छ तिनीहरूले यी दुईमध्ये एउटा सिद्धान्तलाई पनि समर्थन गर्नु पर्छ । पहिलो सिद्धान्त हो शियोल वा हेडस धर्मी र अधर्मीहरूको मृत्युपछिको वासस्थानको नाम हो जुन वासस्थान दुईवटा खण्डमा छुटयाइएको छ । यो एउटा पीड़ादायक स्थान साथै एउटा स्वर्ग पनि हो जहाँ प्रभु येशू जानु भयो । दोस्रो सिद्धान्त हो, प्रभु येशूले तीन दिन तीन रातसम्म हाम्रो साटोमा हाम्रो पापको दण्ड पूर्णरूपमा भोग्दै शियोलको आगोमा श्रापितहरूको पीडालाई सहनु भयो । यी दुवै सिद्धान्तलाई बाइबलबाट प्रमाण गर्नु कठीन हुन्छ र गर्नु जरुरी पनि छैन यदि प्रभु येशूले शियोलमा समय बिताउनु नै भएन भने । उहाँको घोषणाको साँचो अर्थ यही हो । दोस्रो सिद्धान्तको बारेमा प्रभु येशूले उहाँको मृत्यु र पुनरुत्थानको बीचको तीन दिन तीन रातको समयमा श्रापितहरूको पीडालाई सहनु भएन, किनभने  हाम्रो उद्धारको मोल उहाँले क्रूसको कष्टद्वारा तिर्नु भयो, भनिएको जस्तो, शियोल वा हेड्समा पीडा सहेर होइन ।

पुनरुत्थानको बीचमा स्वर्गमा थिएन भन्ने निष्कर्षमा आउन सक्छौं । प्रभु येशूले यस बिषयको पुष्टी उहाँको पुनरुत्थानपछि मरियमलाई भेटेर उहाँ अहिलेसम्म उहाँको पिताकहाँ गएको छैन भनेर गर्नुभयो (यूहन्ना २० : १७ हेर्नुहोस् ) ।

याद राख्नुहोस् प्रभु येशूले क्रूसमा त्यो पश्चातापी चोरलाई तिमी आजै मसँग स्वर्ग लोकमा हुनेछौ भन्नु भयो (लूका २३ :४३ हेनुहोस् ) । यी सबै तथ्यहरूलाई जोडेर हेर्दा, हामी जान्दछौं, कि प्रभु येशूको आत्मा/प्राणले तीन दिन र रात पृथ्वीको गर्भमा बितायो । त्यस समयको केही क्षण उहाँ त्यस स्थानमा हुनु हुन्थ्यो, जसलाई उहाँले स्वर्गलोक भनेर सम्बोधन गर्नु भयो जुन निश्चित रूपले शियोल वा हेडसको स्वीकारीय पर्यायवाची शब्द जस्तो लाग्दैन । यी सबै कुराले मलाई एउटा सोFचतर्फ डोऱ्याउँछ, कि पृथ्वीको गर्भमा शियोल र हेडसबाहेक स्वर्गलोक भन्ने अर्को स्थान पनि हुनु पर्छ । यस बिचारलाई, लाजरसको कथाले, टेवा दिन्छ । हामी त्यो कथा पढौं :

एउटा धनी मानिस थियो, उ बहुमुल्य र मिहिन मलमलको बस्त्र लगाएर दिनहूँ मोजमज्जामा बस्दथ्यो । उसको ढोकामा लाजरस नाँउको एउटा गरीब मानिसलाई राखिदिन्थे । त्यो घावैघावले भरिएको थियो । त्यस धनी मानिसको टेबलबाट झरेको टुक्राटाक्री खाएर आफ्नो पेट भर्ने इच्छा गर्दथ्यो । कुकुरहरूले पनि आएर त्यसको घाउहरू चाटिदिन्थे । त्यो गरीब मानिस मऱ्यो र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहमको काखमा राखे । त्यो धनी मानिस पनि मऱ्यो र गाडियो । हेडस (पाताल) मा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो, र टाढ़ामा अब्राहाम र उनको काखमा लाजरसलाई देख्यो । अनि उसले कराएर भन्यो, ‘हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाई दिनुहोस् र त्यसले आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदिओस् , किनकि म यस ज्वालामा भयङ्कर बेदना पाइरहेकोछु ।’ तर अब्राहामले भने, ‘छोरो याद गर, तैंले आफ्नो जीवनकालमा असल असल कुराहरू भोग गरिस, तर त्यसै गरी लाजरसले दुःखै-दुःख भोग्यो । त्यो अब यहाँ आराममा छ र तँ चाँहि कष्टमा छस् । यी सबै कुराबाहेक यहाँबाट तँकहाँ पारी जान खोज्नेहरू जान नसकुन् र त्यहाँबाट यहाँ हामीकहाँ वारी आउन पनि नसकुन् भनेर हामीहरू र तिमीहरूका बीचमा एउटा अति गहिरो धाँदो छ (लूका १६ : १९-२६) ।

निश्चय नै लाजरस र धनी मानिस दुवै मरेपछि आफ्नो शरीरमा थिएन, तर तिनीहरू आ-आफ्नो ठाऊँसम्म आत्मा वा प्राणको रूपमा पुगेका थिए ।

## Where was Lazarus ?
## लाजरस कहाँ थियो ?

ध्यान दिनुहोस् , धनी मानिसले आफैलाई हेड्स (पाताल) मा पायो, तर उसले लाजरसलाई अब्राहामसँग अर्को ठाँउमा देख्यो । वास्तवमा, लाजरसको बिषयमा यसरी भनिएको छ, कि उ “अब्राहामको काखमा” थियो, यो त्यस ठाँऊको नाँउ होइन तर लाजरस त्यस ठाँउमा पुगेपछि उसले अब्राहामबाट पाइरहेको आरामको संकेत हुन सक्छ ।

धनी मानिस र लाजरस मरेपछि तिनीहरूको बीचको दूरी कति ठूलो थियो ?

बाइबलमा धनी मानिसले लाजरसलाई टाढPमा देख्यो र तिनीहरूको बीचमा एउटा धाँदो बनाइएको थियो भनेर भनिएको छ । त्यसैले तिनीहरू बीचको दूरी एउटा अनुमानको बिषय

हो । तरै पनि तिनीहरू बीचको दूरी पृथ्वीको गर्भबाट स्वर्ग जतिको लामो थिएन भन्ने निष्कर्षमा पुग्नु उचितै हुन्छ होला । अन्यथा, त्यस धनी मानिसले लाजरसलाई देख्नु असम्भव हुने थियो (ईश्वरीय सहायताबिना) । अनि त्यहाँ एउटा ठाँऊबाट अर्को ठाँऊ पुग्नबाट रोक्नको निम्ति दुईवटा ठाँऊको बीचमा एउटा गहिरो धाँदोको उल्लेख गर्नु वा निर्धारण गर्नु जरुरी हुने थिएन । त्यसबाहेक, धनी मानिसले, अब्राहामलाई कराएर भन्यो र अब्राहामले पनि उसलाई जवाब दियो । यसले हामीलाई यो सोँच्न बाध्य पार्छ, कि तिनीहरू एक–अर्कासँग धाँदोको वारि र पारि बात गर्दा तिनीहरू एक–अर्काबाट ठीकैको दूरीमा थियो ।

यी सबै कुराहरूले लाजरस स्वर्गमा होइन तर पृथ्वीभित्रै[3] एउटा छुट्टै ठाउँमा थियो भन्ने विश्वासतर्फ मलाई डोऱ्याँउछ । यो जग्गा निश्चय पनि प्रभु येशूले त्यस पश्चातापी चोरलाई भन्नु भएको स्वर्गलोक हुन सक्छ । पूरानो करारको धर्मीहरू मृत्युपछि त्यही पृथ्वीको गर्भको स्वर्गलोकमा जान्थे । यो त्यही स्थान थियो जहाँ  लाजरस गयो अनि प्रभु येशू र त्यो पश्चातापी चोर पनि गयो ।

स्पष्टरूपमा यो त्यही स्थान हो जहाँ भविष्यवक्ता शामुएल पनि उसको मृत्युको बादमा गयो । हामी १ शामुएल २८ अध्यायमा पढÞछौं, कि जब परमेश्वरले अगमवक्ता शामुएलको मृत आत्मालाई शाऊलको सामने प्रकट भएर अगमवाणीको रूपमा बोल्ने अनुमति दिनु भयो, तब एन्दोरकी स्त्रीले शाऊललाई “जमीनबाट निस्केर आइरहेको एउटा इश्वरीय प्राणी” भनेर वर्णन गऱ्यो (१ शामुएल २८:१३) । शामुएल आफैले पनि शाऊललाई भन्यो, “मलाई माथी ल्याएर किन मेरो शान्तिलाई भङ्ग गऱ्यौ (१ शामुएल २८:१५) ? स्पष्टरूपमा, शामुएलको प्राण वा आत्मा पृथ्वीकै स्वर्गलोकमा गएको थियो ।

प्रभु येशूको पुनरुत्थानको समयमा स्वर्गलोक खाली गरियो र पूरानो करारको समयमा मरेका धर्मीहरू स्वर्गमा प्रभु येशूसँग लगियो भन्ने तथ्यलाई बाइबलको वचनले समर्थन गरेको देखिन्छ । बाइबलले भन्दछ, “जब प्रभु येशू स्वर्ग चढिÞ जानुहुँदा उहाँले कैदीहरू बन्दी बनाएर लानु भयो” (एफिसी ४:८-९; भजन ६८: १८) । ती कैदीहरू सबै स्वर्गलोकमा बाँचेकाहरू हुन् भन्ने ठान्छु । प्रभु येशूले निश्चय पनि शियोल वा हेड्स्[4] (पाताल) बाट मानिसहरूलाई छुटकारा दिनु भएन होला ।

## Jesus Preached to Spirits in Prison
## प्रभु येशूले कैदमा परेका आत्माहरूलाई प्रचार गर्नु भयो

प्रभु येशूले उहाँको मृत्यु र पुनरुत्थानको बीचमा कुनै समयमा, शरीरबाट आत्मा अलग भएका एक झुण्ड मानिसहरूको माझमा एउटा घोषणा गर्नु भयो भनेर पनि बाइबलले भन्छ । हामीहरू यस कुरालाई १ पत्रुस ३ अध्यायमा पढÞbछौं :

---

[3] याद राख्नुहोस् लाजरस र धनी मानिस दुवै तिनीहरूको शरीरबाट छुट्टिए तापनि तिनीहरू होशमै थिए र सुन्ने, देख्ने र स्पर्श गर्ने सबै शक्तिले युक्त थिए ।

तिनीहरूले पीडÞा र सुखको अनुभव गर्न सक्थे र बितेका कुराहरूको अनुभवको स्मरण गर्न सक्षम थिए । यो तथ्यले “आत्मा सुत्ने” सिद्धान्तलाई अस्वीकार गर्दछ । यस सिद्धान्त अनुसार मानिस मरेपछि अचेतन अवस्थामा हुन्छ र होशमा आउनलाई आफ्नो शरीरको पुनरुत्थानलाई कुरेर बस्तछन् ।

[4] शायद केहीले उचित रूपले सोंच्छन् कि एफिसी ४:८-९ मा उल्लेख गरिएको कैदीहरू हामी सबै हौं जो पापको कैदमा थियौं र खीष्टको पुनरुथानद्वारा स्वतन्त्र पारिएका हौं ।

किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन खीष्ट पनि पापीहरूको निम्ति सदाको लागि एकचोटि मर्नु भयो - धर्मी जन अधर्मीको निम्ति - तर आत्माद्वारा जीवित पारिनु भयो । यसै आत्मामा उहाँ जानु भयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नु भयो । ती आत्माहरूले प्राचीनकालमा आज्ञापालन गरेनन् , जब नोआको समयमा जहाज बनाँउदा परमेश्वरले धैर्य धारण गरी पर्खनु भएको थियो । त्यस जहाजमा थोरै अर्थात आठजना मात्र पानीद्वारा बचाइएका थिए (१ पत्रस ३: १८-२०) ।

वचनको यस परिच्छेदले अवश्य केही प्रश्नहरू उठाँउछ, जसको उत्तर मसँग छैन । किन प्रभु येशूले नोआको समयमा मरेको अनाज्ञाकारी मानिसहरूलाई प्रचार गर्नु भयो ?
उहाँले तिनीहरूलाई के भन्नु भयो ?

जुनै हालतमा पनि यस वचनले प्रभु येशूले आफ्नो मृत्यु र पुनरुत्थानको बीचको तीन दिन तीन रातको सम्पूर्ण समय स्वर्गलोकमा बिताउनु भएन भन्ने तथ्यलाई समर्थन गरेको देखिन्छ ।

# Gehenna
# गहेना

आज जब धर्मीहरूको शरीर मर्दछ, तिनीहरूको आत्मा तुरन्त स्वर्ग जान्छ (२ कोरिन्थी ५:६-८; फिलिप्पी १:२१-२३; १ थिस्सलोनिकी ४:१४ हेर्नुहोस्) ।

अधर्मी, अझै पनि शियोल/हेड्स जान्छन् , जहाँ तिनीहरूलाई पीडा दिइन्छ अनि तिनीहरूको शरीरको पुनरुत्थान, अन्तिम न्याय र शियोल/हेडसभन्दा भिन्दै र छुट्टै ठाउँ अग्निकुण्डमा फालिनको निम्ति पर्खेर बस्छन् ।

यो अग्निकुण्डको वर्णन एउटा तेस्रो शब्दद्वारा गरिएको छ जसलाई कहिले–काँही नरक भनेर पनि अनुवाद गरिन्छ । र त्यो यूनानी शब्द “गहेना” हो । यो शब्द, यरुशलेमको बाहिर हिनोमको खाल्डोमा फालिने फोहोरको नामबाट प्राप्त भएको हो । एउट सड़ेको गन्यौला र कुकुल्ढुकले भरिएको फोहोरको रास जसको केही भागबाट लगातार रूपमा धुवाँ निक्लिरहन्छ र आगो दन्किरहन्छ ।

प्रभु येशूले जब गहेनाको बिषयमा बोल्नु भयो, उहाँले त्यस ठाउँलाई मानिसहरू शारीरिक रूपमा फालिने ठाउँको रूपमा बर्णन गर्नु भयो । उदाहरणको लागि, मत्तीको सु- समाचारमा उहाँले भन्नु भयो ।

तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लगाउँछ भने, त्यसलाई काटेर फाली देऊ । किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा (गहेनामा) जानुभन्दा बरु तिम्रा अङ्गहरूमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ । तिनीहरूसँग नडराऊ जसले शरीरलाई मार्छन् तर आत्मालाई मार्न सक्दैनन् । बरु आत्मा र शरीर दुवैलाई नरक (गहेना) मा नाश गर्न सक्नेसँग डराओ (मत्ती ५ : ३० , १० : २८) ।

गहेना र हेडस एउटै ठाऊँमा हुन सक्दैन, किनभने वचनले भन्दछ, कि अधर्मीहरू हेडसमा शरीरबाट अलग गरिएको आत्माहरू जस्तो पठाइन्छन् । अनि प्रभु येशूको हजार बर्षे राज्यको बादमा मात्र अधर्मीहरूको शरीरलाई परमेश्वरको न्यायको सामना गर्न र अग्नि-कुण्डमा वा गहेनामा फालिनुको निम्ति पूर्नजीवित गरिनेछ (प्रकाश २० : ५ ; ११-१५ हेर्नहोस् ) ।

अझ, एकदिन हेडस (पाताल) आफै पनि त्यस अग्निकुण्डमा फालिनेछ (प्रकाश २० : १४ हेर्नुहोस् ) त्यसैकारण त्यो अग्निकुण्डभन्दा एउटा फरक ठाऊँ हुनु पर्छ ।

## Tartaros
## नरक

चौथो शब्द जसलाई प्रायः जसो नरक भनेर अनुवाद गरिन्छ, त्यो हो यूनानी शब्द टारटारोस (tartaros) यो शब्द नयाँ करारमा एकैपल्ट मात्र भेटिन्छ । स्वर्गदूतहरूले पाप गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नु भएन, तर तिनीहरूलाई नरक (टारटारोस) मा फालिदिनु भयो, र न्यायको दिनसम्मको निम्ति पातालको अन्धकारमा जकडिराख्नु भयो (२ पत्रुस २ : ४ ) ।

टारटारोसलाई (tartaros) साधारणतः पाप गर्ने केही स्वर्गदूतहरूको एउटा बिशेष कैद हो भनेर साँचिन्छ, त्यसकारण यो शियोल /हेडस वा गहेना होइन । यहूदाले पनि कैदमा राखिएको स्वर्गदूतहरू भनी लेखेका छन् । आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित बासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नु भएको छ (यहूदा ६ ) ।

## The Horrors of Hell
## नरकको त्रास

एउटा अपश्चातापी व्यक्ति मरेपछि, उसलाई फेरि पश्चाताप गर्ने अवसर दिइन्दैन । उसको भाग्यलाई बन्द गरिन्छ । बाइबलले भन्छ, “जसरी मानिसको निम्ति एकपल्ट मर्नु निश्चित छ, र त्यसपछि इन्साफ” (हिब्रू ९ : २७ ) । नरक अनन्त छ र जसलाई त्यहाँ कैद गरिन्छ तिनीहरूको निम्ति उम्कने आशा छैन । प्रभु येशूले अधर्मीहरूको भविष्यको दण्डको बिषयमा बोल्दै भन्नु भयो, “तब यिनीहरू अनन्त दण्डको भागीदार हुनेछन् , तर धर्मीजनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् ” (मत्ती २५ : ४६ ) । अधर्मीहरूको नरकको दण्ड त्यतिनै अनन्त छ जति धर्मीहरूको अनन्त जीवन । त्यसरी नै पावलले लेखेका छन् , परमेश्वर न्यायी हुनु हुन्छ, उहाँले तिमीहरूलाई दुःख दिनेहरूलाई दुःख दिनु हुन्छ, र तिमी कष्ट पाएकाहरूलाई हामीहरूसँगै आराम दिनु हुन्छ । यो तब हुन्छ, जब प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरूसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनु हुनेछ । परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई उहाँले दण्ड दिनु हुनेछ । तिमीहरूले अनन्त बिनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँको शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन् (२ थिस्सलोनिको १:६-९) ।

नरक एउटा अवर्णनीय पीडाको स्थान हो, किनभने त्यहाँ एउटा कहिले अन्त नहुने दण्ड हुनेछ । अनन्तको निम्ति त्यहाँ कैद भएर, अधर्मीहरू तिनीहरूको अनन्त दोष सहेर र कहिले ननिभ्ने आगोमा परमेश्वरको क्रोध भोग्नेछन् । प्रभु येशूले नरकलाई एउटा “बाहिरी अन्धकार” भएको ठाँऊको रूपमा वर्णन गर्नु भयो जहाँ “रुवाबासी र bfx«f । किटाई” हुन्छ र जहाँ “न

किराहरू मर्दछन् , न आगो नै निभ्दछ” (मत्ती २२:१३, मर्कूस ९:४४) । हामीले त्यस ठाँउको बारेमा मानिसहरूलाई चेताउनी दिन र प्रभु येशूमा मात्र मक्ति छ भनेर भन्नु कति जरुरी छ ।

एउटा बिशेष मण्डलीले पापमोचन गर्ने स्थानको धारणाको बारेमा शिक्षा दिन्छ । जुन स्थानमा विश्वासीहरू आफ्नो पापबाट मुक्त भएर स्वर्गको निम्ति योग्य बन्न केही दिनसम्म पीडा भोग्नु पर्छ । यद्धपि, यस बिचारलाई बाइबलको कुनै ठाँऊमा पनि सिकाइएको पाइन्दैन ।

# The Righteous After Death
# मृत्युपछि धर्मीहरू

जब एउटा विश्वासी मर्छ, उसको आत्मा प्रभुसँग हुनलाई तुरन्त स्वर्ग जान्छ । पावलले आफ्नै मृत्युको बिषयमा लेख्दा यस तथ्यलाई अत्यन्त स्पष्ट पार्नु भयो । किनकि मेरो निम्ति जिउनु खीष्ट हो, र मर्नु लाभ हो । यदि शरीरमा नै जिउनु हो भने मेरो निम्ति त्यो फलदायी परिश्रम हुनेछ अनि मैले कुन चाँहि चुन्नु पर्ने हो त्यो म भन्न सक्दिन । म त दोधारमा परेको छु । बरु बिदा भएर खीष्टको साथमा हुने इच्छा छ, किनभने यो धेरै नै असल छ (फिलिप्पी १:२१-२३) ।

ध्यान दिनुहोस् , पावलले बिदा भएर जाने इच्छा छ र यदि उहाँ बिदा भएर जानु भयो भने उहाँ खीष्टको साथमा हुनु हुनेछ भनेर भन्नु भयो । उहाँको आत्मा फेरि पुनरुत्थान हुनलाई कुनै किसिमको अचेतन अवस्थामा जाने छैन (अभाग्यवश केहीले सोँचे जस्तो) ।

यसमा पनि ध्यान दिनुहोस् , कि पावलले “मर्नु मेरो निम्ति लाभ हो” पनि भन्नु भयो । त्यो कुरा तब सत्य हुन्छ, जब उसको आत्मा मरेपछि स्वर्ग जान्छ ।

पावलले, कोरिन्थीहरूलाई लेखेको आफ्नो दोस्रो पत्रमा यो पनि घोषणा गर्नु भयो, कि यदि विश्वासीहरूको आत्माले शरीरलाई त्याग्यो भने उ “प्रभुको साथमा हुनेछ” । यसकारण हामीलाई सम्पूर्ण भरोसा छ । हामी जान्दछौं, कि हामी जबसम्म शरीरमा रहन्छौ, तबसम्म प्रभुबाट अलग हुँन्छौं । किनकि हामी विश्वासद्वारा हिँडदछौं, देखिने कुराको आधारमा होइन । हामीमा पूर्ण भरोसा छ, बरु शरीरबाट अलग भएर प्रभुसँग रहन हामी चाहन्छौं (२ कोरिन्थी ५:६-८) । यसको अफ बढP समर्थनमा, पावलले लेख्नु भयो, तर भाइ हो, सुतिगएकाहरूको बिषयमा तिनीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरू जस्ता शोक गर्नु नपरोस् । किनकि हामी विश्वास गर्छौं, कि प्रभु येशू मर्नु भयो र फेरि जिइउठनु भयो र त्यसरी नै परमेश्वरले उहाँमा सुति गएकाहरूलाई प्रभु येशूद्वारा ल्याउनु हुनेछ ( १ थेसलोनिकी ४:१३-१४) ।

यदि प्रभु येशूले उहाँ फेरि आउनु हुँदा उहाँमा सुति गएकाहरूलाई स्वर्गबाट ल्याउनु हुन्छ भने, अहिले तिनीहरू सबै उहाँको साथमा स्वर्गमा छन् ।

# Heaven Foreseen
# अघिबाटै देखिएको स्वर्ग

स्वर्ग कस्तो छ ? हाम्रो सीमित बिचारले हामीलाई त्यहाँ पर्खिरहेका सबै गौरवलाई जहिले पनि पूर्णरूपले बुझ्न सक्दैनौं अनि बाइबलले यसको एउटा सानो नमूना मात्र दिन्छ ।

विश्वासीहरूको निम्ति स्वर्गको सबैभन्दा चाखलाग्दो कुरा त्यो हो, कि त्यहाँ हामीले हाम्रो प्रभु र मुक्तिदाता प्रभु येशूलाई र परमेश्वर हाम्रो पितालाई आमने–सामने देख्नेछौं । हामी हाम्रो “पिताको घरमा” बस्नेछौं ।

मेरा पिताको घरमा बस्ने धेरै ठाँउहरू छन् । त्यसो नभए, के म तिमीहरूलाई भन्ने थिएँ ? म तिमीहरूको निम्ति ठाऊँ तयार पार्न गइरहेछु ? अनि गएर मैले तिमीहरूको निम्ति ठाऊँ तयार पारेपछि फेरि आउनेछु , र तिमीहरूलाई मकहाँ लैजानेछु , र जहाँ म छु तिमीहरू पनि हुनेछौ (यूहन्ना १४:२-३) ।

जब हामी स्वर्गमा पुग्छौं, तब हाम्रो दिमागले अहिले बुझ्न नसकेका त्यस्ता धेरै रहश्यहरू बुझ्नेछौं । पावलले लेख्नु भयो, अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेला चाँहि छर्लङ्ग देख्नेछौं । अहिले म थोरै मात्र बुझ्दछु , त्यस बेला चाँहि पुरै बुझ्नेछु , जसरी म पनि पूर्णरूपले चिनिएको छु ( १ कोरिन्थी १३:१२) ।

प्रकाशको पुस्तकले स्वर्ग कस्तो छ भनेर सबैभन्दा असल वर्णन हामीलाई दिएकोछ । एउटा ठूलो क्रियाकलाप, आश्चर्यजनक सुन्दरता, असीमित बिभिन्नता, अकथनीय आनन्दमय ठाऊँको रूपमा वर्णन गरिएको स्वर्ग एउटा स्थान हुने छैन जहाँ मानिसहरू बसेर दिनभरि वीणा बजाँउछन् ।

यूहन्ना जसलाई एकपल्ट स्वर्गको दर्शन दिइएको थियो, पहिला परमेश्वरको सिँहासन, सृष्टिको मध्य भागलाई देख्नु भयो ।

म तुरन्तै आत्मामा भएँ । हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एकजना त्यस सिंहासनमा बिराजमान हुनु हुन्थ्यो । त्यहाँ बिराजमान हुनु हुनेको मुहार सूर्यकान्त र गोमेद मणि जस्तै देखिन्थ्यो, र सिँहासनको वरिपरि पन्नामणि जस्तो इन्द्रेनी थियो । त्यस सिँहासनको वरिपरि चौबीस सिँहासनहरू थिए, र शिरमा सुनको मुकुटहरू र सेता पोशाकहरू पहिरेका चौबीसजना धर्म-गुरुहरू ती सिँहासनमा बसेको मैले देखें । त्यस सिँहासनबाट बिजुलीहरू, आवाजहरू र गर्जनहरू निस्केर आउँथे, र त्यस सिँहासनको सामुन्ने आगोका सातवटा बत्तीहरू बलिरहेका थिए । यी परमेश्वरका सात आत्माहरू हुन् । सिँहासनको अगि स्फटिकतुल्य काँचको समुन्द्र जस्तो थियो । अगाडि र पछाडि जम्मै आँखै-आँखा भएका चारवटा जीवित प्राणी सिँहासनको वरिपरि र चारैपट्टि थिए । पहिलो प्राणी सिँह जस्तै थियो, दोस्रो प्राणी बहर जस्तै, तेस्रो प्राणीको अनुहार मानिसको जस्तै र चौथो प्राणी उडिÞरहेको गरुड जस्तै थिए । ती चारैवटा प्राणीका ६ - ६ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए । दिन रात तिनीहरू नथामीकन यसो भन्दै गाइरहन्छन् ।

“पवित्र, पवित्र, पवित्र
परमप्रभु सर्वशक्तिमान परमेश्वर,
जो हुनु हुन्थ्यो र हुनु हुन्छ
र जो आउनु हुनेछ ।”

जब-जब ती जीवित प्राणीहरूले सिँहासनमा बिराजमान हुनु हुने र जो सदा–सर्वदा जीवित रहनु हुन्छ, उहाँलाई महिमा, आदर, धन्यपाद चढाÞउँछन् तब ती चौबीसजना धर्म-गुरुहरू सिँहासनमा बिराजमान हुनु हुनेको सामुन्ने घोप्टो पर्दछन् , र सदा–सर्वदा जीवित रहनुहुनेलाई दण्डवत गर्दछन् ।

हे हाम्रा प्रभु परमेश्वर, तपाई महिमा, आदर र शक्ति ग्रहण गर्ने योग्यको हुनु हुन्छ । किनभने सबै कुरा तपाईले नै सृष्टि गर्नु भएको हो र तपाईकै इच्छा बमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो (प्रकाश ४:२-११) ।

यूहन्नाले, यस संसारको कुनै पनि थोकसँग कमै मात्र तुलना गर्न सकिने कुरालाई एउटा व्यवहारीक ढङ्गमा वर्णन गर्ने पूर्ण प्रयास गरे । निःसन्देह, कुनै हालतमा पनि यूहन्नाले देखेका सबै कुरालाई हामीले आफै नदेखेसम्म बुझ्न सक्दैनौं । तर निश्चितरूपमा यो एउटा प्ररेणादायक अध्ययन बन्नेछ ।

स्वर्गको बारेमा सबैभन्दा प्रेरणादायक परिच्छेद प्रकाशको २१ र २२ अध्यायमा पाइन्छ, जहाँ यूहन्नाले नयाँ यरुशलेमको वर्णन गर्नु भएको छ जुन अहिले स्वर्गमा छ तर प्रभु येशूको हजार बर्षे राज्यपछि पृथ्वीमा झर्नेछ । तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र शहर यरुशलेम मलाई देखाए । त्यसमा परमेश्वरको महिमा थियो, र त्यसको चमक बहुमुल्य रत्नहरू तथा बिल्लौर स्फटिक जस्तो चहकिलो थियो । त्यसको वरिपरि ठूलो र अल्गो पर्खाल थियो र त्यसमा बाह्र ढोका थिए । ढोकाहरूमा बाह्र स्वर्गदूत थिए । ती ढोकाहरूमा इस्राएलका बाह्र कुलको नाँऊ लेखिएका थिए । पूर्वमा तीन ढोकाहरू, उत्तरमा तीन, दक्षिणमा तीन र पश्चिममा तीन ढोकाहरू थिए । शहरको पर्खालका बाह्र जग थिए । तीमाथि थुमाका बाह्रै प्रेरितहरूका नाँऊ लेखिएका थिए । शहर र त्यसका ढोकाहरू र पर्खाल नाप्नलाई मसँग बोल्नेसँग एउटा सुनको नाप्ने टाँगो थियो । त्यो शहर बर्गाकार थियो । त्यसको चौडÞाई र लमाई समान थियो तिनले त्यस टाँगोले नाप्दा त्यो शहर दुई हजार चार सय किलो मिटर थियो । त्यसको पर्खाल पनि नापे, र मानिसले चलाएको नाप अनुसार त्यो पैंसठ्ठी मिटर थियो । त्यो पर्खाल बिल्लौरले बनेको थियो र शहर चाँहि निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो । पर्खालका जगहरू अनेक किसिमका बहुमुल्य रत्नहरूले जडिÞएका थिए । पहिलो जग बिल्लौरको, दोस्रो निलम, तेस्रो लालमणि, चौथो पन्ना, पाँचौ सारडियस, छैटौं गोमेद, सातौं प्रीतमणि, आठौं फिरोजा, नवौं पुष्पराग, दशौं लसुने, एघारौं धूम्रकान्त र बाह्रौं कटेला मणिका थिए । ती बाह्र ढोका चाँहि बाह्र मोतीका थिए । प्रत्येक ढोका मोतीको थियो । त्यस सडÞक चहकिलो शीशा जस्तै निख्खुर सुनको थियो । मैले त्यस शहरमा कुनै मन्दिर देखिन, किनकि त्यहाँको मन्दिर स्वयं परमेश्वर सर्वशक्तिमान र थुमा नै हुनुहुन्छ ।.......................... तब तिनले मलाई बिल्लौर जस्तै चहकिलो पानीको नदी देखाए । त्यो नदी परमेश्वर र थुमाको सिँहासनबाट, शहरको सडÞकको बीचबाट बगिरहेको थियो । त्यस नदीको किनारमा जीवनको बृक्ष थियो, जसले हर महिना बाह्रै किसिमका फलहरू दिइरहन्थ्यो । त्यसका पातहरू चाँहि जाति-जातिहरूलाई निको पार्नको निम्ति थिए । अबदेखि उसो त्यहाँ कहिले सराप हुनेछैन । पर मेश्वर र थुमाको सिँहासन त्यहाँ हुनेछ, र उहाँको दासहरूले उहाँको आराधना गर्नेछन् । तिनीहरूले उहाँको मुहार देख्नेछन् , र उहाँको नाँऊ तिनीहरूका निधारमा हुनेछ । “त्यहाँ फेरि रात हुने छैन, तिनीहरूलाई बत्ती वा घामको उज्यालो चाहिने छैन । किनकि परमप्रभु परमेश्वर नै तिनीहरूको उज्यालो हुनु हुनेछ, र तिनीहरूले सदा–सर्वदै राज्य गर्नेछन् (प्रकाश २१:१०-१२; २२:१-५) ।

यदि प्रभु येशूको हरेक अनुयायीहरू आफ्नो विश्वासमा रहिरहयो भने यी सबै आश्चर्यहरूलाई उत्सुकताका साथ प्रतिक्षा गर्न सक्छ, । “अहो त यूहन्नाले प्रकाशको पुस्तकमा

वर्णन गर्ने प्रयास गरेको कुरा त्यो रहेछ," भन्दै हामी स्वर्गमा हाम्रो पहिलो केही दिनहरू बिताँउछौ भन्ने कुरामा कुनै सन्देह छैन ।